# आर्थिक वर्ष २०८३/०८४ को
# नीति तथा कार्यक्रम

प्रस्तुत औरही गाउँपालिकाको एघारौं नीति, कार्यक्रम तथा बजेट गाउँसभा संचालन कार्यविधि २०७४ को दफा २२(१) वमोजिम गाउँसभाबाट पारित भएको व्यहोरा प्रमाणित गर्दछु ।

उमा शंकर प्रसाद साह
गाउँपालिका अध्यक्ष
मिति २०८३।०३।१०

## औरही गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

देउरी, परवाहा, धनुषा
मधेश प्रदेश, नेपाल

# औरही गाउँपालिका,धनुषाको अगामी आ.व.२०८३/०८४ को अध्यक्षबाट प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम

**औरही गाउँपालिकाको सम्मानित गाउँसभाको एघाँरौ अधिवेशनमा नीति तथा कार्यक्रम प्रस्तुतिकरण समारोहमा गाउँ सभा सदस्यको रुपमा पाल्नु भएका,**

यस औरही गाउँपालिकाको उपाध्यक्ष ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
वडा अध्यक्ष ज्यूहरु,
कार्यपालिका सदस्य ज्यूहरु,
वडा सदस्य ज्यूहरु,
औरही गाउँपालिकाका उपस्थित कर्मचारी साथीहरु,
सुरक्षाकर्मी तथा सञ्चारकर्मीहरु,
लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा औरही गाउँपालिका र म आफ्नो तर्फबाट यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दै अभिवादन टक्रयाउन चाहन्छु ।

सर्वप्रथम सम्मानित सभामा नीति तथा कार्यक्रम प्रस्तुतिकरण समारोह समक्ष आ.ब. २०८३।०८४ को वार्षिक नीति कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय सभामा यहाँहरु माझ उभिइ रहँदा लोकतन्त्र, गणतन्त्रको प्राप्ति र त्यसैको जगमा समृद्ध राष्ट्र जन आन्दोलन, मधेश आन्दोलन,जेन्जी आन्दोलन तथा विभिन्न आन्दोलनका क्रममा जीवन आहूती गर्ने ती महान ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्न चाहन्छु । जनआन्दोलन लगायत विभिन्न आन्दोलनका क्रममा घाइते भएका, वेपता पारिएका लगायतकायोद्धाहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दै शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

उपस्थित महानुभावहरु :

अव म आर्थिक वर्ष  २०८३।२०८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका नीतिगत मार्गदर्शनको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

अगामी आर्थिक वर्षको बजेट तर्जूमा गर्दा नेपालको संबिधानमा उल्लेखित नागरिकका मैलिक हक, राज्यका निर्देशक सिद्धान्त, निति तथा बजेट संघीय सरकारको निति तथा कार्यक्रम प्रदेश सरकारको निति तथा कार्यक्रम पूर्व बजेट छलफलका क्रममा प्राप्त हुन आएका रचनात्मक सुझावहरु १६ औं आवधिक योजना, विनियोजन विधेयक, गाउँ सभा सदस्यहरुबाट प्राप्त सुझावहरु तथा आ.व. २०८३।०८४ को बजेट बक्तव्यमा उल्लेखित महत्व पूर्ण कार्यक्रमहरुलाई यो बजेट तर्जुमाको मार्गदर्शनको रुपमा लिएको छु। साथै यो अधिवेशन अवधिभर सभा सदस्यज्यूहरुबाट  समय समयमा छलफलबाट प्राप्त हुने सर सल्लाह एवं सुझावहरु समेत निति तथा कार्यक्रममा समावेश गर्नेछु भनी प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु ।

# औरही गाउँपालिकाको क्षेत्रगत नितिहरु

## क) आर्थिक विकास सम्बन्धि नीतिहरुः

### १. कृषि तथा पशु विकास सम्बन्धि नीतिहरुः

१.१. **"सजिलो सिँचाइ, कृषकलाई राहत" कार्यक्रमः** पालिकाभित्रका सम्भाव्य स्थानहरूमा डिप बोरिङ तथा स्यालो ट्युबवेल जडान गरी शतप्रतिशत खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याइनेछ।
१.२. कृषि पकेट क्षेत्रको रुपमा यस गाउँपालिका क्षेत्रलाई विकास गर्दै धान, गहुँ, र मौसमी तथा बेमौसमी तरकारी उत्पादन बृद्धिमा जोड दिइनेछ ।
१.३. कृषक समुह, कृषि सहकारिताको माध्यमबाट व्यवसायिक कृषि उत्पादकत्व वृद्धि गर्न माछापालनलाई प्रोत्साहीत गरिनेछ ।
१.४. **पशु स्वास्थ्य तथा बिमाः** दुग्ध उत्पादक किसानहरूलाई प्रोत्साहन गर्न उन्नत जातका गाई/भैंसी पालनमा अनुदान र निःशुल्क पशु शिविर सञ्चालन गरिनेछ।
१.५ **मल तथा बीउ-बिजन बैंकः** कृषकहरूलाई समयमै रासायनिक मल, उन्नत बीउ-बिजन र कृषि औजार अनुदानमा उपलब्ध गराउन "कृषि सहकारी समन्वय नीति" अवलम्बन गरिनेछ।
१.६ **एक वडा, एक विशेष उत्पादनः** वडाको माटो र भूगोल अनुकूल (जस्तैः तरकारी खेती, धान वा दलहन) पकेट क्षेत्र घोषणा गरी व्यावसायिक खेतीलाई प्रोत्साहन गरिनेछ।

### २. उद्योग तथा वाणिज्य नीतिः

२.१. परम्परागत तथा सांस्कृतिक रुपमा स्थानीय जनतामा रहेका कलालाई घरेलु तथा लघु उद्यमको माध्यमबाट प्रवद्र्धन गरी आय आर्जनको स्रोतको रुपमा विकास गरिनेछ ।
२.२. आर्थिक रुपमा पछि परेका दलित तथा विपन्न समुदायका युवा—युवती, सबै जातजातीका महिलाहरुलाई लघु उद्यमशिलता सम्बन्धि तालिम प्रदान गरि स्वरोजगारीमा टेवा पुऱ्याइनेछ ।
२.३. यस गाँउ पालिकाक्षेत्रभित्र संचालनमा रहेका सबै प्रकारका व्यवसायहरुलाई करको दायरामा ल्याउन विशेष अभियान संचालन गरिनेछ ।
२.४ **"सीपमूलक औरही" अभियानः** स्थानीय युवा तथा महिलाहरूका लागि डलमेकिङ, सिलाई-कटाई, सिकर्मी, डकर्मी, र प्लम्बिङ जस्ता स्वरोजगारमुखी तालिम सञ्चालन गरिनेछ।
२.५ बैदेशिक रोजगारबाट आएका यूवाहरु तथा स्वदेशमा रहेका यूवाहरुलाई सिप मुलक तालिम प्रदान गरी स्वरोजगार बनाइनेछ ।
२.७ उधोग ग्रामको लागि जग्गा अकीन गरी विस्तृत परियोजना प्रतिवेदन तयार गरिने छ ।
२.८ **सहकारी सुदृढीकरणः** छरिएर रहेका स्थानीय सहकारीहरूलाई कृषि उत्पादन, संकलन र बजारीकरणमा अनिवार्य रूपमा जोडिनेछ।

## ३. पर्यटन तथा संस्कृति प्रवद्र्धन नीति

३.१. यस गाँउपालिकालाई पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न धार्मिक तथा पर्यटकीय क्षेत्र पहिचान गरिनेछ ।

३.२. यस गाँउपालिका क्षेत्र भित्र रहेका धार्मिक क्षेत्र तथा सास्कृतीक क्षेत्रहरुको पहिचान गरि तिनीहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

३.३ यस गाउँपालिकामा प्रत्येक वर्ष माध्यमीकी परिक्रमामा लाखौको संख्यामा आउने तिर्थ यात्रीहरुहरुको निम्त्ती औरही परिक्रमा बासलाई व्यवस्थित गरिनेछ ।

३.४. गाँउपालिका क्षेत्र भित्र बसोवास गर्ने सम्पुर्ण समुदायहरुको मौलिक परम्परा र भाषा संस्कृतिको जगेर्ना गर्न विशेष कार्यक्रमहरु लागु गरिनेछ ।

३.५ धार्मिक सांस्कृतिक तथा ऐतिहासीक रुपमा महत्वपूर्ण मठ मन्दिर आदीको संरक्षण, सम्बद्र्धन र प्रवद्र्धन गरिनेछ ।

३.६ मैथिली रितीरिवाज झल्कीने सास्कृतिक कार्यक्रमहरु जमुनी मेला, महाबीर झण्डा मेला,दाहा मेला (मोहर्रम), झिझिया नाच, जट जटनी नाच, डोम कक्ष नाच, मिथिला चित्रकला लागायतका स्थानीय लोक सांस्कृतीको संरक्षण र सम्बद्धनको निम्ती सार्वजनिक र निजी साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ ।

३.७ होली छठ दिपावली दशै तिहार जस्ता पर्वलाई व्यवस्थित गरिनेछ ।

## ४. सहकारी नीतिः

४.१. सहकारी क्षेत्रलाई आर्थिक विकासको महत्वपुर्ण खम्बाको रुपमा विकास गर्न समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त तथा सुशासित संगठनको रुपमा प्रवद्र्धन गरिनेछ ।

४.२. कृषि, उद्योग र व्यवसायको सहकारीकरणको माध्यमबाट आत्मनिर्भर र दिगो रुपमा स्थानीय अर्थतन्त्रको निर्माण गरिनेछ ।

४.३. स्थानीय सहकारी संस्थाहरुको दर्ता, नविकरण तथा व्यवस्थापन पारदर्शी तथा अनुमान योग्य बनाउदै नियमनकारी भुमिका निर्वाह गरिनेछ ।

## ख) पुर्वाधार विकास नीतिः

१. गाँउपालिकाको एकिकृत विकासका लागि यातायात गुरु योजना बनाएको अनुरुप कार्य गरिनेछ ।

२. **रणनीतिक सडक कालोपत्रेः** गाउँपालिकाको केन्द्र देउरी परवाहाबाट जोडिने मुख्य पहुँच सडकहरू तथा छिमेकी पालिकाहरू (जस्तै जनकपुरधाम उपमहानगरपालिका, जनकनन्दनी, वा धनुषाधाम) जोड्ने रणनीतिक सडकहरूलाई प्रदेश र संघ सरकारसँगको समपूरक कोष (Matching Fund) मार्फत कालोपत्रे गरिनेछ।

३. गाँउपालिका क्षेत्रको सडक तथा स साना पुलहरुको निर्माण गर्ने नीतिहरु अंगिकार गर्नेछ।

४. **कृषि सडक (Agricultural Roads) विस्तार:** कृषकहरूले आफ्नो उब्जनी सहजै बजारसम्म पुऱ्याउन सकोस् भन्नका लागि खेतीयोग्य जमिन र पकेट क्षेत्रहरू जोड्ने कृषि सडकहरूको ट्र्याक खोल्ने र ग्राभेल गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

५. सडकहरुको नियमित मर्मत संभारका लागि एक मर्मत संभार कोष खडा गरी नियमित रुपमा मर्मत गरिनेछ ।

६. **<u>कृषि सडक सञ्जाल विस्तार:</u>** कृषकहरूको उत्पादनलाई मुख्य बजारसम्म सहज पहुँच पुऱ्याउन खेत-खेतसम्म जोड्ने "कृषि सडक" को ट्र्याक खोल्ने र ग्राभेल गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।पक्की पुल तथा कल्भर्ट निर्माणः वर्षायाममा हुने डुबान र आवतजावतको अवरोध हटाउन पालिकाभित्रका नदी, खहरे खोला र पैनीहरूमा आवश्यक ह्यूम पाइप, बक्स कल्भर्ट र साना पक्की पुलहरू निर्माण गरिनेछ।

७. गाउँपालिकाको सडक संजाल अध्ययन र विस्तृत प्रतिवेदन तयार गर्ने छ ।

८. गाउँ पालिकाका आधुनिक पार्क निर्माणको लागि डीपी आर गरिनेछ ।

९. गाउँपालिका भित्र रहेको मठ मन्दिरको, पोखरीको शौन्दर्यकरण कार्यको लागि आवश्यक डीपी आर गरिनेछ ।

१०. आयोजनाको वातावरणीय अध्ययन संक्षिप्त प्रारम्भिक वातावरणीय प्रभाव मुल्यांकन(IEE) र वातावरणीय प्रभाव मुल्यांकन (ESA) गरिनेछ ।

११. **<u>बस्तीभित्र "हिलोमुक्त सडक" अभियान:</u>** ग्रामीण क्षेत्रका मुख्य गल्ली र बाक्लो बस्ती भएका स्थानहरूमा प्राथमिकताका आधारमा आर.सी.सी. (RCC) , पि.सि.सि. (PCC) सडक निर्माण वा इन्टरलगिङ ब्लक (Interlocking Blocks) बिछ्याउने नीति लिइनेछ।

## <u>९. भवन तथा शहरी विकास नीतिः</u>

९.१. भवन निर्माण गर्दा नेपाल सरकारले तोकेका मापदण्डहरु पालना गर्ने नीति अंगिकार गरिनेछ ।

९.२. भवन निर्माण आचारसंहिता (Building Code): भूकम्प र प्राकृतिक विपद्को जोखिम न्यूनीकरण गर्न पालिकाभित्र राष्ट्रिय भवन निर्माण आचारसंहिता र बस्ती विकास तथा सहरी योजना सम्बन्धी मापदण्डु लाई कडाइका साथ लागू गरिनेछ।

९.३. ड्रेन, फुटपाथ तथा वृक्षारोपण सहितको सडक निर्माणलाई प्रोत्साहन गरिनेछ ।

९.४. गाँउपालिकाका सार्वजनिक ऐलानी जग्गा संरक्षणः पालिकाभित्रका सार्वजनिक जग्गाहरूको लगत राखी अतिक्रमण मुक्त बनाइनेछ र भविष्यमा सहरी पूर्वाधार (पार्क, पार्किङ, खुला क्षेत्र) का लागि सुरक्षित राखिनेछ। साथै विभिन्न स्थानहरुमा RECREATION PARK, CHILDREN PARK आदि प्राथमिकताको आधारमा अध्ययन शुरु गरिनेछ ।

९.५. गाँउपालिकाको क्षेत्रभित्र रहेका सरकारी निजी तथा ऐलानी जग्गाहरु, पोखरी लगायतका सम्पत्तिहरु, सुकुम्बासी तथा अव्यवस्थित बसोबास क्षेत्रहरुको लगत संकलन गरिनेछ ।

९.६ गाउँपालिका भित्र हुने विकास निर्माणका योजनाहरुको आवश्यकता अनुसार DPR गरी विकास निर्माणका कार्यहरु अगाडि बढाइनेछ ।

९.७ गाउँपालिकाको वडा कार्यालय भवन लगायत स्वास्थ्य संस्था अन्य भवन निर्माण कार्यको सुरुवात गर्न गरी आवश्यक बजेट व्यवस्थापन गरिने छ ।साथै अधुरो भवनलाइ सम्पन्न गरिने छ ।

९.९ सहरी सौन्दर्य र हरियाली नीतिहरित सहर (Green Town) अवधारणाः औरहीका बजार र आवासीय क्षेत्रहरूमा सडकका किनारा र खुला स्थानहरूमा वृक्षारोपण गरी ुहरित सहरीकरणु लाई बढावा दिइनेछ।

९.१० व्यावसायिक बजार क्षेत्र व्यवस्थापनः हाटबजार र मुख्य बजार क्षेत्रलाई व्यवस्थित गर्न पार्किङ स्थल, ढल निकास, र सार्वजनिक शौचालय सहितको मार्केट सेन्टर पूर्वाधार निर्माण गरिनेछ।

९.११ सुरक्षित आवास तथा दलित/विपन्न बस्ती विकास नीतिमर्यादित आवास कार्यक्रमः फुसको छाना भएका अति विपन्न, मुसहर, चमार, र दलित परिवारहरूका लागि जस्तापाता (टिनको छाना) वा पक्की सुरक्षित आवास निर्माणमा सहयोग गरिनेछ।

## १०. उर्जा, तथा वैकल्पिक उर्जा तथा संचारको विकास एवम् प्रवद्धनमा जोड दिदै निम्न कार्यहरु गरिनेछ

१०.१. गाँउपालिकाका सबै बस्तिहरुमा विद्युत सेवा पुऱ्याउन विद्युतिकरण लाई तिब्रता दिइनेछ ।

१०.२. गाँउपालिकाका सडक तथा बजार क्षेत्रमा जनसहभागितामा आधारित सौर्य बत्ति जडान गर्न प्राथमिकता दिइनेछ ।

१०.३. इन्डक्सन र स्वच्छ भान्साः दाउरा र गुइँठा (गोइठा) बाट निस्कने धुवाँका कारण महिला र बालबालिकाको स्वास्थ्यमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्न विद्युतीय चुलो (Induction Cooker) को प्रयोगलाई प्रवर्द्धन गरिनेछ।

## ग) सामाजिक विकास नीतिहरुः

## १. शिक्षा विकास सम्बन्धि नीतिहरुः

१.१. शैक्षिक गुणस्तर र प्रविधिमैत्री शिक्षा नीतिडिजिटल क्लासरुम र इ-लर्निङः सामुदायिक विद्यालयहरूमा क्रमशः आइसिटि (ICT) ल्याब, इन्टरनेट, र स्मार्ट बोर्ड सहितको प्रविधिमैत्री शिक्षण प्रणाली (Digital Literacy) लागू गरिनेछ।

१.२. अध्यनरत विद्यार्थी संख्या र शिक्षक संख्याको आधारमा नियमित रुपमा शिक्षकको दरबन्दि मिलान गर्दै विद्यार्थीः शिक्षक अनुपात कम भएको विद्यालयबाट उक्त अनुपातमा बढि भएको विद्यालयमा शिक्षकलाई कामकाजमा खटाउने र कम विद्यार्थी भएका विद्यालयलाई नजिकको विद्यालयमा समाहित गरिनेछ । साथै विस्थापित शिक्षकलाई व्यवस्थापन गरिनेछ ।

१.३. सम्पुर्ण विधालयमा ई हाजिरीको प्रबन्ध गरिने छ ।

१.४. पहुँच, निरन्तरता र समावेशी शिक्षा नीति शून्य ड्रप-आउट (Drop-out) अभियानः विद्यालय उमेरका (विशेषगरी दलित, मुसहर, र विपन्न समुदायका) शतप्रतिशत बालबालिकालाई विद्यालय भर्ना गराई कक्षा १० सम्म टिकाइ राख्ने नीति लिइनेछ।

१.५. लक्षित छात्रवृत्ति र प्रोत्साहनः मुस्लिम तथा दलित छात्राहरूको शिक्षामा पहुँच बढाउन ब‍ेटी पढाउ, बेटी बचाउ अभियानसँग समन्वय गरी विशेष स्टेसनरी र मासिक छात्रवृत्ति वितरण गरिनेछ।

१.६. अपाङ्गता मैत्री पूर्वाधारः सबै सामुदायिक विद्यालयहरूमा अपाङ्गता भएका बालबालिकाहरूका लागि पहुँचयुक्त भौतिक पूर्वाधार तयार गरिनेछ।

१.७. रैथाने भाषा (मैथिली) मा आधारभूत शिक्षाः प्रारम्भिक कक्षा (कक्षा १-३) मा बालबालिकाहरूको सहज सिकाइका लागि स्थानीय मैथिली भाषामा पाठ्यक्रम र पाठ्यसामग्री विकास गरी लागू गरिनेछ।

१.८. शिक्षक क्षमता अभिवृद्धिः सामुदायिक विद्यालयका शिक्षकहरूको शिक्षण कला सुधार गर्न आधुनिक प्रविधि, बाल-मनोविज्ञान, र नतिजामुखी शिक्षण सम्बन्धी नियमित तालिम अनिवार्य गरिनेछ।

१.९. बालबालिकाको सर्वाङ्गिण विकासका लागि अन्तर विद्यालय खेलकुद, हाजिरि जवाफ, बक्तृत्वकला, नृत्य, वादविवाद जस्ता प्रतियोगिताहरु संचालन गर्ने ।

१.१०. नीजि क्षेत्रहरुबाट संचालित वालविकास (MONTESSORY) आधारभुत र माध्यमिक विद्यालयहरुको मापदण्ड अनुसार लागु गरिनेछ ।

१.११. गाँउपालिका क्षेत्रभित्र बैकल्पिक शिक्षा, प्रोढ शिक्षा जस्ता क्षेत्रको विकासका लागि सामुदायिक सिकाई केन्द्रको भुमिकालाई सशक्त बनाइनेछ ।

१.१२ सामुदायिक विधालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुसँग कार्यसम्पादन करार गरि यसको नतिजाको आधारमा पुरस्कार र दण्ड सम्बन्धि व्यवस्था मिलाइनेछ ।

१.१३ विद्यालयको लेखा परीक्षण सम्बन्धमा लेखा परीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक पुरस्कार तथा कारवाही गरिनेछ ।

१.१५ विद्यालयको पठन पाठनमा सुधार तथा सिकाई उपलब्धी वढाउन प्रत्येक विद्यालयमा बाल क्लबको गठन गरिनेछ ।

१.१६ महिनावारी स्वच्छता र स्यानिटरी प्याडः विद्यालयमा छात्राहरूको नियमित उपस्थिति सुनिश्चित गर्न गुणस्तरीय स्यानिटरी प्याड (Sanitary Pad) को निरन्तर उपलब्धता र प्याड बिसर्जन गर्ने भेन्डिङ मेसिन जडान गरिनेछ।

१.१७ दिवा खाजा र स्वास्थ्य-स्वच्छता नीतिस्थानीय उत्पादनमा आधारित दिवा खाजाः विद्यालयहरूमा सरकारले उपलब्ध गराउने दिवा खाजालाई थप पोसिलो बनाउन स्थानीय स्तरमा उत्पादित कृषि उपज (दूध, फलफूल, अन्न) को प्रयोगलाई अनिवार्य गरिनेछ ।

१.१८ विद्यालय सुधार योजना र बार्षिक कार्य योजना तयार गरेको आधारमा मात्र अन्तिम निकासा दिइनेछ ।

१.१९ विद्यालय व्यवस्थापन समिति गठन नभएका विद्यालयहरुमा समीति गठन गर्न आवश्यक पहल गरिनेछ ।

१.२० प्राविधिक तथा अनौपचारिक शिक्षा नीतिरोजगारमूलक प्राविधिक शिक्षाः पालिकाभित्रका माध्यमिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक धार (Technical Stream) को पठनपाठन सुदृढ गरिनेछ।

१.२१ शिक्षक र विद्यार्थीहरुको नियमित उपस्थीतीको लागी समय समयमा अनुगमन गरिनेछ ।

१.२२ विद्यालयमा ८० प्रतिशत उपस्थीती भएका विद्यार्थीहरुलाई मात्र छात्रवृती प्रदान गरिनेछ ।

## २. स्वास्थ्य नीतिः

२.१. गाउँपालिका क्षेत्र भित्रका स्वास्थ्य चौकीहरुको भौतिक एवमं सरंचनागत सुधार गर्दै व्यवस्थापनलाई निर्धारित मापदण्ड अनुरुप विकास र विस्तार गरिनेछ ।

२.२. गाँउपालिका क्षेत्र भित्रका विपन्न तथा जेष्ठ नागरिकहरुलाइ क्यान्सर,मृगौला तथा मुटुरोग जस्ता रोगहरुको उपचारको लागि पहल गरिनेछ ।

२.३. आधारभूत र सर्वसुलभ स्वास्थ्य सेवा नीति'एक वडा, एक व्यवस्थित स्वास्थ्य संस्था': गाउँपालिकाका सबै वडा कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरूलाई सुदृढ गरी आधारभूत औषधि र दक्ष स्वास्थ्यकर्मी (ANM/HA) को २४ सै घण्टा उपलब्धता सुनिश्चित गरिनेछ।

२.४. निःशुल्क औषधि र परीक्षणः नेपाल सरकारले तोकेका आवश्यक आकस्मिक औषधिहरू नागरिकलाई निःशुल्क र सहज रूपमा उपलब्ध गराउने तथा प्रयोगशाला (Laboratory) सेवालाई वडास्तरसम्म विस्तार गर्ने नीति लिइनेछ। २.५. एच.आई.भि./एड्स, मलेरिया, क्षयरोग, हेपाटाईटिस, डेङ्गो जस्ता रोगहरुको नियन्त्रण तथा उपचारका लागि सम्बन्धित सरकारी तथा गैरसरकारी निकायहरुसँग सहकार्य गरिनेछ ।

२.६. स्वास्थ्य सेवा लाई सुढृढ बनाउनको लागि महिला समुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई मासिक रु ५ हजारको दरले दिईरहेको यतायात खर्चलाई निरन्तरता दिईनेछ ।

२.७. सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य नीतिशून्य गृह प्रसव (Zero Home Delivery): घरमा गरिने असुरक्षित सुत्केरी प्रथालाई पूर्ण रूपमा निरुत्साहित गर्दै स्वास्थ्य संस्थामा सुरक्षित सुत्केरी गराउने (Institutional Delivery) दरलाई शतप्रतिशत पुऱ्याइने

२.८. ज्येष्ठ नागरिक र अपाङ्गता घरदैलो सेवाः हिँडडुल गर्न नसक्ने ज्येष्ठ नागरिक, पूर्ण अपाङ्गता भएका व्यक्ति र असहायका लागि घरमै पुगी निःशुल्क स्वास्थ्य परीक्षण र औषधि वितरण गर्ने नीति

२.९ सुत्केरी प्रोत्साहन र पोषणः स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाहरुका लागि सरकारले दिने भत्तामा पालिकाको तर्फबाट थप प्रोत्साहन प्याकेज र नवजात शिशुका लागि पोषण किट उपलब्ध गराइनेछ।

२.१० कुपोषण निवारणः बाल मृत्युदर कम गर्न र तराई क्षेत्रमा देखिने ख्याउटेपन र पुड्कोपन समस्या समाधानका लागि 'शीघ्र कुपोषण एकीकृत व्यवस्थापन' नीति लागू गरिनेछ।

२.११ महामारी नियन्त्रण, जेरियाट्रिक तथा नसर्ने रोगको नीति तथा मौसमी बिमारी र विपद् प्रतिकार्यः गर्मीयाममा हुने झाडापखाला, हैजा, लामखुट्टेजन्य रोग (डेंगु, औलो) र जाडोयाममा हुने शीतलहरजन्य स्वास्थ्य समस्याहरू नियन्त्रण गर्न 'द्रुत प्रतिकार्य टोली' (Rapid Response Team) सक्रिय बनाइनेछ।

२.१२ खोप तथा गाउँघर किल्निकबाट सुरक्षित, गुनस्तर तथा प्रबिधि मैत्री स्वास्थ्य सेवा दिनको लागि खोप तथा गाउँघर किल्निक लाई थप ब्यवस्थित गरिनेछ ।

२.१३ औरही गाउँपालिकाका अति विपन्न, दलित, मुसहर र चमार समुदायका परिवारहरूलाई बिशेशज्ञ सेवा दिनको लागि समय समयमा निशुल्क स्वास्थ्य शिबिरको आयोजना गरिनेछ ।

२.१४ स्वास्थ्य संस्थाहरुको ANC CHECKUP मा बृद्धि गर्नको लागि निशुल्क भिडियो एक्स रे सेवा तथा गर्भवति महिलाहरुको लागि निशुल्क क्यालसियम चकि बितरण कार्यक्रमलाई निरन्तरता दिनेछ ।

२.१५ नागरिकहरुलाई गुनस्तर स्वास्थ्य सेवा दिनको लागि प्राथमिक स्वास्थ्य केन्द देउरी परवाहामा स्वास्थ्य बिमा कार्यक्रम लागु गरिनेछ ।

२.१६ नयाँ औषधि पसल तथा किल्निक दर्ता गर्नको लागि आवश्यक निति नियम बनाईनेछ ।

२.१७ नसर्ने रोगको स्क्रिनिङः उच्च रक्तचाप, मधुमेह (सुगर), र पाठेघरको मुखको क्यान्सर जस्ता नसर्ने रोगहरूको प्रारम्भिक पहिचानका लागि निःशुल्क शिविरहरू सञ्चालन गरिनेछ।

२.१८ <u>बहुक्षेत्रीय पोषण योजना -तेस्रोले लिएको लक्ष्य तथा नीतिहरु</u>

१. स्थानीय तहको नीति तथा कार्यक्रममा पोषण सुधारको स्थानीय आवश्यकता र प्राथमिकतालाई समावेश गर्ने छ ।

२. यस कार्यक्रम अन्तर्गत प्राप्त ससर्त अनुदानको अतिरिक्त स्थानीय तहको आन्तरिक स्रोतबाट समेत निश्चित प्रतिशत बजेट विनियोजनको प्रवन्ध गर्ने छ ।

३. गाउँपालिका स्तरीय पोषण तथा खाध सुरक्षा निर्देशक समितिको सिफारिस समेतको आधारमा बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत कार्यान्यिन हुने कार्यक्रमको क्रियाकलापगत बाडफाट सभाबाटै हुने व्यवस्था गर्ने छ ।

४. कार्यक्रम अन्तर्गतका क्रियाकलापको बाडफाट गर्दा स्थानिय प्राथमिकता अनुसार पोषण विशेष तथा पोषण संवेदनशील क्षेत्रका नियमित कार्यक्रममा दोहारोपन नहुनेगरी प्रवन्ध मिलाउने छ,

५. स्वीकृत कार्यविधि अनुसार पोषण सहजकर्ता को पारिश्रमिकका लागि स्थानीय तहको साझेदारी सुनिश्चित गर्ने छ ,

## <u>३. खानेपानी, सरसफाई स्वच्छताः</u>

३.१. सबै गाँउबासीलाई आधारभुत खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउन खानेपानी, सरसफाई र स्वास्थ्य सम्बन्धि नीति तथा कार्ययोजना तर्जुमा गरिनेछ ।

३.२. फोहोरमैला व्यवस्थापन र स्रोतमा वर्गीकरणः घरेलु फोहोरलाई कुहिने र नकुहिने गरी स्रोतमा वर्गीकरण गर्न उत्प्रेरित गरिनेछ । कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउने प्रविधिलाई प्रवर्द्धन गरिनेछ।

३.३ सुरक्षित खानेपानी र पानी सुरक्षा (Water Safety) नीति WASH प्लान कार्यान्वयनः गाउँपालिकाको विस्तृत वास गुरुयोजना (WASH Plan) तयार गरी सोही अनुरूप बजेट र कार्यक्रम परिचालन गरिनेछ।

३.४ पिउने पानीको गुणस्तर परीक्षणः सार्वजनिक चापाकल र डिप बोरिङको पानीमा आर्सेनिक, आइरन र कोलिफर्म (Coliform) को मात्रा नियमित जाँच गरी सुरक्षित पानी को सुनिश्चितता गरिनेछ।

३.५ दिगो सरसफाइ र पूर्ण सरसफाइ (Total Sanitation) नीति खुला दिसामुक्त अवस्थाको दिगोपना (ODF Sustainability): पालिकालाई खुला दिसामुक्त घोषणा गरिसकिएको अवस्थालाई दिगो राख्न सार्वजनिक र सामुदायिक शौचालयहरूको नियमित मर्मत र सफाइ गरिनेछ।

३.६ स्मार्ट सार्वजनिक शौचालयः मुख्य बजार, हाटबजार, बसपार्क र गाउँपालिका कार्यालय वरपर महिला, अपाङ्गता र बालबालिका मैत्री (GEESI Friendly) आधुनिक सार्वजनिक शौचालय निर्माण गरिनेछ।

३.७ स्वच्छता व्यवहार प्रवर्द्धन (Hygiene Promotion) नीतिमहिनावारी स्वच्छता व्यवस्थापन (MHM): विद्यालय र समुदायमा महिनावारी स्वच्छता सम्बन्धी सचेतना जगाइनेछ र छात्राहरूका लागि स्यानिटरी प्याडको सहज पहुँच र बिसर्जनको व्यवस्था मिलाइनेछ

३.८ हात धुने बानीको विकासः स्वास्थ्य र पोषण सुधारका लागि महत्त्वपूर्ण कडीका रूपमा रहेका व्यवहार परिवर्तन संचार (BCC) मार्फत साबुनपानीले हात धुने बानीलाई अभियानकै रूपमा संचालन गरिनेछ।

३.९ औरही गा.पा.लाई ग्रिन भिलेज र क्लिन भिलेजको रुपमा अगाडी बढाइनेछ ।

## ४. लैंगिक समानता तथा सामाजिक समावेशीकरणः

४.१. महिला सशक्तीकरण, नेतृत्व विकास, उद्यमशीलता तथा आर्थिक आत्मनिर्भरता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिने छ ।

४.२. लैंगिक हिंसा, घरेलु हिंसा, बालविवाह, दाइजो प्रथा, छुवाछुत तथा विभेदजन्य अभ्यास अन्त्यका लागि सचेतना तथा संरक्षण कार्यक्रम सञ्चालन गरिने छ ।

४.३. GESI परीक्षण (Audit) तथा सामाजिक समावेशीकरण सूचकका आधारमा वार्षिक मूल्याङ्कन प्रणाली लागू गरिने छ ।

४.४. वालवालिका, महिला हिंसा, बलात्कार, यौन शोषण, वाल विवाह, मानव वेचबिखन तथा ओसार पसार आदीलाई सचेतना, सहकार्य, नियमन, अनुगमन र नियन्त्रणका माध्यमबाट निर्मुल गर्न पहल गरिनेछ।

४.५ महिला, दलित, जनजाति, मधेशी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका तथा अन्य पछाडि पारिएका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने छ ।

४.६ गाउँपालिकाका सबै योजना, कार्यक्रम तथा बजेटमा लैंगिक उत्तरदायी तथा समावेशी बजेट प्रणाली अवलम्बन गरिने छ ।

४.७ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तथ्यांक संकलन, अद्यावधिक र प्रमाणमा आधारित योजना निर्माणलाई प्राथमिकता दिइने छ ।

४.८ महिला, दलित, विधुवा, विपन्न, अपांग, असहाय, बालबालिकाका निम्ति आर्थिक, सामाजिक विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

४.९ युवा, महिला तथा सीमान्तकृत समुदायको क्षमता विकासका लागि नेतृत्व, डिजिटल साक्षरता तथा सीपमूलक तालिम संचालन गरिने छ ।

## ५. बालसंरक्षण

५.१ गाउँपालिकाभित्रका सबै बालबालिकाको **जीवन, संरक्षण, विकास र सहभागिताको अधिकार** सुनिश्चित गरिनेछ।

५.२ बालविवाह, बालश्रम, बाल बेचबिखन, मानव बेचबिखन, बाल यौन दुर्व्यवहार, बाल हिंसा तथा शोषणका सबै प्रकारको अन्त्यका लागि विशेष अभियान सञ्चालन गरिनेछ।

५.३ विद्यालय तथा समुदायमा बालमैत्री वातावरण निर्माण गर्दै बालबालिकाको सुरक्षित, गुणस्तरीय र समावेशी शिक्षामा पहुँच सुनिश्चित गरिनेछ।

५.४ बालबालिकाको जन्मदर्ता शतप्रतिशत सुनिश्चित गरी बाल अधिकार सम्बन्धी अभिलेख तथा तथ्यांक प्रणालीलाई व्यवस्थित बनाइनेछ।

५.५ बालमैत्री स्थानीय शासनका सूचकहरू पूरा गर्दै गाउँपालिकालाई क्रमशः **बालमैत्री स्थानीय तह** घोषणा गर्ने नीति अवलम्बन गरिनेछ।

५.६ बाल क्लब तथा बाल सञ्जालमार्फत स्थानीय योजना तर्जुमा, अनुगमन तथा सामाजिक गतिविधिमा बाल सहभागिता प्रवर्द्धन गरिनेछ।

## घ) वातावरण तथा विपद व्यवस्थापन सम्बन्धि नीतिः

१. गाउँपालिका भित्र स्वच्छ, हरित, सुरक्षित र वातावरणमैत्री बस्ती निर्माणलाई प्राथमिकता दिई वातावरण संरक्षण तथा प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन गरिनेछ।

२. गाउँपालिकाका सबै विकास आयोजनामा वातावरणीय प्रभाव मूल्याङ्कन तथा वातावरणमैत्री प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

३. फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित बनाई फोहोरको वर्गीकरण, पुनःप्रयोग, पुनर्चक्रण तथा सरसफाइ अभियानलाई प्रभावकारी बनाइनेछ।

४. नदी, पोखरी, नाला तथा जलाधार क्षेत्रहरूको संरक्षण गर्दै भू—क्षय, कटान तथा प्रदूषण नियन्त्रणका कार्यक्रम सञ्चालन गरिनेछ।

५. वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा खुला क्षेत्र संरक्षण कार्यक्रम सञ्चालन गरी वातावरणीय सन्तुलन कायम गरिनेछ।

६. विपद् जोखिम न्यूनीकरणलाई विकास योजनाको अभिन्न अंगका रूपमा समावेश गर्दै जोखिम संवेदनशील योजना तर्जुमा गरिनेछ।

७. बाढी, डुबान, आगलागी, चट्याङ, महामारी, हुरीबतास लगायत प्राकृतिक तथा गैरप्राकृतिक विपद्को पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ कार्यक्रमलाई सुदृढ गरिनेछ।

८. स्थानीय विपद् व्यवस्थापन समिति तथा वडा स्तरीय विपद् व्यवस्थापन संयन्त्रलाई सुदृढ गरी प्रभावकारी परिचालन गरिनेछ।

९. वातावरण संरक्षण तथा विपद् व्यवस्थापनका लागि संघ, प्रदेश, विकास साझेदार संस्था, निजी क्षेत्र तथा समुदायसँग सहकार्य र साझेदारीलाई सुदृढ गरिनेछ।

१०. वातावरण तथा विपद् व्यवस्थापन कोषलाई प्रभावकारी रूपमा परिचालन गरी जोखिम न्यूनीकरण, राहत तथा पुनर्निर्माण कार्यमा आवश्यक स्रोत सुनिश्चित गरिनेछ।

११. "हरित औरही, सुरक्षित औरही" अभियान सञ्चालन गरी वातावरण संरक्षण, सरसफाइ, जल संरक्षण तथा विपद् सचेतना कार्यक्रमलाई अभियानको रूपमा विकास गरिनेछ।

## ङ) सुशासन, संस्थागत विकास र वित्तीय सुदृढीकरण

### १) राजस्व परिचालन नीति

१.१ डिजिटल राजस्व प्रणालीः पालिकाको आन्तरिक आय बढाउन मालपोत, एकीकृत सम्पत्ति कर, व्यवसाय कर र बहाल करलाई अनलाइन प्रणाली (भ(एबथकभलत० मा लगिनेछ।

१.२ प्राकृतिक स्रोत तथा ठेक्का व्यवस्थापनः हाटबजार र पालिकाभित्रका प्राकृतिक स्रोतहरूको ठेक्का व्यवस्थापन पारदर्शी र समयमै गरिनेछ, जसबाट आन्तरिक आय (रु. ७७ लाख) लाई आगामी वर्ष दोब्बर बनाउने लक्ष्य राखिनेछ।

१.३ गाउँपालिकाको आन्तरिक राजस्ववृद्धिका लागि आवश्यक कानून तर्जुमा तथा विद्यमान कानूनमा परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

१.४ करदातालाई कर तिर्ने सहज वातावरण निर्माण गर्न राजस्व शाखालाई जिम्मेवार बनाइने छ।

१.५ राजस्व प्रशासनलाई व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिका तथा वडास्तरमा राजस्व संकलन सूचना व्यवस्थापन प्रणाली (राजस्व सफ्टवेयर) जडान गरिनेछ।

१.६ वडा कार्यालयका कर्मचारीको क्षमता विकास गरी वडास्तरबाट कर संकलन र संकलन हुना साथ स्थानीय संचित कोषमा दाखिला हुने व्यवस्था गरिनेछ।

१.७ जनप्रतिनिधि र कर्मचारीको संयुक्त टोली परिचालन गरी करदाता दर्ता, पहिचान भएका राजस्वका सम्भावनाको लगत तयारी, राजस्वका नयाँ क्षेत्र पहिचान र लगत अद्यावधिक अभियानका रुपमा सञ्चालन गरिनेछ।

१.८ करदाता सचेतना कार्यक्रम सञ्चालन तथा करदातालाई कर तिर्न प्रोत्साहन गरिनेछ।

१.९ गाउँपालिकामा आन्तरिक राजस्वका दायरा वृद्धिका लागि स्थानीय व्यवसायी, राजनीतिक दल, नागरिक समाजसँग समन्वय गरिनेछ ।

१.१० वडागत रुपमा आन्तरिक राजस्वको लक्ष्य निर्धारण गरी राजस्व संकलनको नियमित अनुगमन तथा मूल्यांकन र बढी राजस्व संकलन गर्ने वडालाई प्रोत्साहन गरिनेछ ।

१.११ आन्तरिक राजस्व सम्बन्धी गाउँपालिकाको क्षमता अभिबृद्धिका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

१.१२ गाउँपालिका तथा वडास्तरबाट संकलित राजस्वको विवरण मासिक रुपमा सार्वजनिक गरी आम नागरिकलाई जानकारी गराइनेछ ।

## २) सुशासन र सेवा प्रवाह नीति

२.१ डिजिटल नागरिक बडापत्रः कार्यालयबाट प्रदान गरिने सेवाहरूलाई छिटो-छरितो बनाउन प्रविधिको प्रयोग बढाउने र कर्मचारीहरूलाई उत्तरदायी बनाइनेछ।

२.२ हेलो अध्यक्ष गुनासो सुनुवाइः नागरिकका गुनासा तथा समस्याहरू सिधै जनप्रतिनिधिसम्म पुऱ्याउन टोल-फ्री हटलाइन र गुनासो पेटिकाको प्रभावकारी सञ्चालन गरिनेछ।

२.३ गाउँपालिकाका सम्पुर्ण सेवा प्रवाहलाई विधुतीय सुशासन मार्फत प्रभावकारी बनाईनेछ ।

## ३) न्याय सम्पादन नीतिः

३.१. गाउँपालिकाको न्यायिक समितिलाई संस्थागत रूपमा सुदृढ गरी छिटो, सरल, निष्पक्ष तथा प्रभावकारी न्याय सम्पादन सुनिश्चित गरिनेछ।

३.२. स्थानीय स्तरमा उत्पन्न हुने विवादहरूको समाधान मेलमिलाप, मध्यस्थता तथा सहमतिका माध्यमबाट गर्ने व्यवस्थालाई प्राथमिकता दिइनेछ।

३.३. वडा स्तरमा मेलमिलाप केन्द्रहरूको प्रभावकारी परिचालन गरी स्थानीय विवादको स्थानीय स्तरमै समाधान गर्ने व्यवस्था सुदृढ गरिनेछ।

३.४. गाँउपालिका तथा न्यायीक समितिलाई कानुनी सल्लाह प्रदान र गाउँपालिका माथि परेको मुदाहरु हेर्नको लागि कानूनी सल्लाहकार नियुक्ती वा परामर्शको सेवा लिईनेछ ।

३.५ न्यायिक समितिका निर्णय तथा अभिलेख व्यवस्थापनलाई व्यवस्थित, सुरक्षित र प्रविधिमैत्री बनाइनेछ।

३.६ जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, कानुन व्यवसायी तथा अन्य सम्बन्धित निकायसँग आवश्यक समन्वय र सहकार्यलाई सुदृढ गरिनेछ।

उपस्थित महानुभावहरु :

यो नीति तथा कार्यक्रमले औरही गाउँपालिकाको समग्र आर्थिक, सामाजिक र भौतिक रूपान्तरणको स्पष्ट मार्गचित्र कोरेको छ। यसको सफल कार्यान्वयनका लागि संघीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र,

नागरिक समाज र सम्पूर्ण आदरणीय नगरवासी गाउँले दाजुभाइ तथा दिदीबहिनीहरूको पूर्ण सहयोग रहनेछ भन्ने विश्वास लिइएको छ। अन्तयमा यस गाउँ सभा तयारीमा सहयोग गर्नु भएका सम्पुर्ण जनप्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू तथा कर्मचारीहरुमा धन्यवाद दिन चाहन्छु ।

## धन्यवाद

उमा शंकर प्रसाद साह
**अध्यक्ष**
औरही गाँउपालिका
प्रस्तुत तथा पारित मिति
२०८३।०३।१०